## पाकिस्तानको उत्तरपश्चिममा हिमपहिरो, ९ जनाको मृत्यु

इस्लामावाद । पाकिस्तानको उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तको चित्राल जिल्लामा हिमपहिरो जादा कम्तीमा ९ जनाको मृत्यु हुनुका साथै १ जना बच्चालाई जीवितै उद्धार गर्न सफल भएको अधिकारीहरूले बताएका छन् ।

यो घटना जिल्लाको पहाडी क्षेत्रमा भएको हो, जहाँ भारी हिमपातका कारण हिमपहिरो आउँदा १० जनाको परिवारलाई हिउँ र भग्नावशेषमुनि पारेको उद्धार प्रवक्ता बिलाल फैजीललाई उद्धृत गर्दै सिन्ह्वाले जनाएको छ ।

भारी हिमपात र चरम मौसमको अवस्थाले पहाडी क्षेत्रहरूमा हिमपहिरो लगायतका घटनाहरूको जोखिमलाई उल्लेखनीय रूपमा बढाएको र बासिन्दाहरूलाई अनावश्यक यात्रा नगर्न र रहन सतर्क रहन आग्रह गरेको बताइएको छ । यस क्षेत्रमा प्रतिकूल मौसमको अवस्था जारी रहँदा उद्धार टोलीलाई उच्च सतर्कतामा राखिएको छ । (एजेन्सी)

## सहिदभूमि गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
पिप्ले, धनकुटा
कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृतिको आशय पत्र सम्बन्धी सूचना

**प्रकाशित मिति:- २०८२/१०/११**

यस गाउँपालिकाको मिति २०८२/०९/०६ मा प्रक्षेपण राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आब्हानको सुचना अनुसार तोकिएको मिति सम्म पेश हुन आएको बोलपत्रलाई बोलपत्र मूल्याङ्कन समितिको मिति २०८२/१०/१० को सिफारिस बमोजिम सबैभन्दा घटी र सारभूत रुपमा प्रभावग्राही देहायको निर्माण ब्यवसायी देखिएको हुँदा तपसिलमा उल्लिखित बोलपत्र स्वीकृतिको लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को (२) र (३) प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको लागि आजको मिति देखि ७ दिन सम्मको म्याद राखी यो आशय पत्र सम्बन्धी सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. | विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर र PS सहित) |
|---|---|---|---|---|
| 1 | 04-SAHIDBHUMI/ LANDFILL/82-83 | Construction of Landfill Site Construction Project, Sahidbhumi- 6, Dhankuta | श्री ईष्ट बि. एन. कन्स्ट्रक्सन कम्पनी प्रा. लि., धनकुटा | NRs. 65,67,010.14 |

प्रमुख प्रशासकीय अधिकृत

## चुनौतीको चाङमा....

'अब संसद्मा छिर्दै गर्दा दलहरूले आफ्नो इर्ष्या, रिस, घमन्ड, इगो सबै ढोकामै छाडेर प्रवेश गर्नुपर्छ । चाहे त्यो रास्वपा होस् वा कांग्रेस, एमाले नै किन नहोस् । यदि पुरानै अवस्था र मानसिकतामा अब पनि संसद् चलाउने हो भने परिवर्तनचाहिँ के भयो ? भनेर जनताले फेरि प्रश्न गर्नेछन्,' अधिकारी भन्छन्, 'करिब सय-डेढ सय नयाँ अनुहार अबको संसद्मा देखिने सम्भावना रहेकाले केही न केही सुधार होला भन्ने नै छ ।'

प्रतिनिधिसभा निर्वाचनको प्रत्यक्षतर्फ एमाले र नेकपाबाट करिब ३० प्रतिशत नयाँ अनुहारलाई उम्मेदवार बनाउँदा कांग्रेसबाट करिब ६० प्रतिशत नयाँ अनुहार छानिएको छ भने रास्वपामा यो दर करिब ८० प्रतिशत छ । समानुपातिकमा दलहरूले अधिकांश नयाँ अनुहार नै राखेकाले अब गठन हुने प्रतिनिधिसभामा पुराना र अनुभवी नेताको अभिभावकत्व लिएर युवा नेताको बोलाबाला चल्ने निश्चित छ । नयाँ ऊर्जा र जोशसहित सकारात्मक प्रयासहरू भए अबको संसद्बाट अपेक्षा गर्न सकिने राजनीतिक विश्लेषक लोकेश ढकाल बताउँछन् । चुनावी गठबन्धन नभएकाले सत्ता बनाउँदा हानाथाप पनि नहुने र काम गर्न पनि सहज हुने उनको बुझाइ छ ।

कांग्रेस, एमाले, नेकपा, रास्वपा, राप्रपाजस्ता दलहरू अघिल्लो संसद्मा पनि थिए । ३ वर्षभित्र विभिन्न फरकफरक अवस्थामा बनेका ४ वटा गठबन्धनमा त्यसबेला प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने सबैजसो दल सत्तामा पुगे । माओवादी-एमाले, माओवादी-कांग्रेस, फेरि माओवादी-एमाले र अन्तिममा कांग्रेस-एमालेले आलोपालो गठबन्धन गरेर सत्ताका लागि जे पनि गर्न सकिने दृष्टान्त देखाए । जसकारण अहिलेको यो परिपस्थिति निर्माण भएको छ । त्यसैले अब बन्ने सरकारले त्यति नगर्ला भन्ने अपेक्षा ढकालको छ । 'यो मध्यावधि चुनाव मात्र हो । यसअघिका मध्यावधि कुनै निश्चित दलको सनकका भरमा भएका थिए । तर, यस पटक जनताको चाहनामा मध्यावधि हुँदै छ,' ढकालले भने ।

त्यसैले यो चुनावपछि दलको आकलन र अनुमानभन्दा पनि जनताको चाहनाअनुसार सांसदहरू चुनिने ढकालको प्रक्षेपण छ । ढकाल त अब बन्ने सरकार गैरकम्युनिस्टको हुने ठोकुवा गर्छन् । उनी भन्छन्, 'अब गैरकम्युनिस्ट सरकार बन्ने हो, त्यसमा २ दल मात्र हुन्छन् र विपक्षमा कम्युनिस्टहरू बस्छन् । नेपालमा निष्ठा र नैतिकताको राजनीति नहुने भएकाले विपक्षीहरू यस पटक सबैभन्दा कमजोर देखिनेछन् ।'

विगतकै राजनीतिक अभ्यास कायमै रहे अब बन्ने सरकार वा प्रधानमन्त्रीमाथि चुनौतीको चाङ लाग्ने संविधानविद् अधिकारीको बुझाइ छ । तर, राजनीतिक चेतमा परिवर्तन भयो भने अबको सरकार संयुक्त सरकार बन्न सक्ने र सबैको साझा एजेन्डालाई त्यहीँबाटै हल गर्नुपर्ने अधिकारीको सुझाव छ । तर, २१ फागुनको चुनावी परिणामले नेपाली राजनीतिको पुरातन अंकगणित भने भत्काउने अधिकारी र ढकाल दुवैको समान बुझाइ छ ।

## मुख्य चुनौती संविधान...

अझ प्रदेशसँग सम्बन्धित विषयमा संशोधन गर्न त सम्बन्धित प्रदेशमा समेत दुई तिहाइ आवश्यक हुन्छ । अहिलेकै अवस्थामा आगामी निर्वाचनमा कुनै एक दलले दुई तिहाइ ल्याउने सम्भावना शून्य देखिन्छ । त्यसैले यसका लागि राजनीतिक सहमतिबाहेक कुनै विकल्प देखिँदैन । आगामी संसद्ले जसलाई सत्तामा पुऱ्याउँछ, सबैभन्दा बढी किचलो र विवादमा फस्ने दल र नेता पनि उही बन्ने पक्का छ ।

## नेकपामा डेढ दर्जन...

कतिले सार्वजनिक रूपमै आक्रोश पोखेका छन् भने कतिले पार्टी संरचनाभित्रै असन्तुष्टि व्यक्त गरेका छन् । बागी उम्मेदवारीलाई पार्टीभित्रको शालीन विद्रोह भएको उनीहरूको भनाइ छ ।

केन्द्रका नेताहरूले आफूनिकटलाई मात्रै टिकट वितरण गरेको र पार्टीको विधि, पद्धति मिचेको आरोप उनीहरूको छ । सिन्धुली-२ मा बागी उम्मेदवारको प्रस्तावक बनेका हरिबोल गजुरेलले संयोजक प्रचण्डको स्वेच्छाचारी प्रवृत्ति र परिवारवादका कारण सिंगो पार्टी आक्रान्त बनेको भन्दै त्यसैको विष्फोट भएको बताए । 'देशभर पार्टी आक्रान्त छ । संयोजक प्रचण्डको स्वेच्छाचारी प्रवृत्ति, परिवारवाद र गलत प्रवृत्तिलाई संरक्षण गर्ने परिपाटीविरुद्ध आक्रोश, आवेग देशभरका कार्यकर्तामा छ,' उनले भने, 'त्यसको विष्फोट यहाँ भएको छ ।' उनले संयोजक प्रचण्डले विधि र पद्धति मिचेकाले पहिलो कारबाही उनैलाई हुनुपर्ने बताए । 'स्वतन्त्र उम्मेदवारी दिनुपर्ने स्थिति सिर्जना गर्ने संयोजक प्रचण्ड नै हो । उहाँ पो कारबाहीको भागिदार हो,' उनले भने ।त्यसो त नेकपामा उम्मेदवारी दर्ताको विषयमा तीव्र आलोचना छ । समानुपातिक सूचीमा नेताको परिवार परेको विषय होस् वा शीर्ष नेताका निकटले मात्रै प्रत्यक्ष टिकट पाएको विषयमा तीव्र असन्तुष्टि छ । टिकट वितरणको विषयलाई निहुँ बनाइए पनि संगठन व्यवस्थित हुन नसकेको र नेताहरूको व्यवस्थापनमा कठिनाइ भएका कारण असन्तुष्टि आएको केन्द्रका नेताहरू बताउँछन् । नेताहरूको स्वार्थका कारण विभिन्न पार्टी एकताबद्ध गरिएको, तर जेनजी आन्दोलनको मर्मविपरीत रूपान्तरणमा चासो नदेखाएको पनि नेताहरूको आरोप छ । 'जेनजी आन्दोलनपछि नेतृत्व फेर्नुपर्छ भन्ने मुद्दा उठेको छ । जनताबाट त्यो सन्देश गएको छ । तर, उहाँहरू फेरि मिलिजुली जाने, बाँडिचुँडी खानेगरी विभिन्न टुक्रालाई एकीकृत गर्ने गरिरहनु भएको छ,' उनले भने, 'फुट्ने र जुट्ने उहाँहरू आ-आफ्नो स्वार्थमा गरिरहनुभएको छ । पार्टीको पुनर्गठन आवश्यक छ ।'

नेकपा नेता जयन्तीदेवी राईले भर्खरै पार्टी एकता भएको सन्दर्भमा संगठनात्मक व्यवस्थापन र टिकट वितरणमा पार्टीभित्र पर्याप्त छलफल हुन नसकेको बताइन् । उम्मेदवारका आकांक्षीहरूबीच पनि सहमतिको प्रयास हुन नसकेको उनको भनाइ छ । 'छलफल र निर्णयमा पूर्ण रूपमा लोकतान्त्रिक विधि अपनाइएको छैन । विरोध नगरे पनि कतिले चित्त नबुझाएको स्थिति छ,' उनले भनिन् ।

## राष्ट्रियसभा...

भने एमालेबाट कोसी प्रदेशमा सोम पोर्तेल र रोशनी मेचेले उम्मेदवारी दिँदा मधेस प्रदेशमा रेखा झा, बाग्मतीमा डा. प्रेम दंगाल, गण्डकीमा सम्झना देवकोटा, लुम्बिनीमा रामकुमारी झाँक्री, कर्णालीमा मीना रखाल र सुदूरपश्चिम प्रदेशमा लीलाकुमारी भण्डारीले उम्मेदवारी दिएका छन् ।

त्यस्तै, नेकपाका उम्मेदवारहरूमा कोसीमा खेमराज नेपाली र नमिता न्यौपाने, मधेसमा रामनन्दन प्रसाद, लक्ष्मण पौडेल, शम्भु पासवान हजारी र समिकुमारी अग्रवाल, बाग्मतीमा प्रेमप्रसाद सापकोटा र सरोजकुमारी झा, गण्डकीमा कपिल लामा र गोमा लुइँटेल घिमिरे, लुम्बिनीमा दुर्गाकुमारी भण्डारी, वृहस्पति अधिकारी र सर्जन विक, कर्णालीमा बुद्धिप्रसाद शर्मा, अञ्जु महतारा तथा सुदूरपश्चिममा टीकाराम जैशी र रोजी बस्नेत छन् ।

जसपाबाट मधेसमा ३ सिटमा उम्मेदवारी परेको छ । जसमा चन्द्रकलादेवी साह, चमेलीदेवी दास र शैलेशकुमार चौधरी छन् भने लोसपाबाट महन्थ ठाकुरले उम्मेदवारी दिएका छन् । यी २ दलबीच एकता भए पनि कांग्रेस-एमाले गठबन्धनसँग बार्गेनिङ गर्न मधेसका सबै सिटमा उम्मेदवारी दिइएको हो । त्यस्तै, जनमोर्चाबाट गण्डकीमा लक्ष्मी बास्कोटा र शंकरप्रसाद बराल, लुम्बिनीमा पद्मा पण्डित र बोमबहादुर खत्री तथा नेमकिपाबाट बाग्मतीमा सरोजकुमारी झा र विक्रम ढुकुछुको उम्मेदवारी परेको छ ।

## Simkot Rural municipality,
## Office of Rural Municipal Executive
**Simkot , Humla**
**Karnali Province, Nepal**

### Invitation for bids

**Date of publication: 2082.10.11**

1. The Simkot Rural municipaliy invites electronic bids from Nepalese eligible bidders for the following Procurement of goods and work under National Competitive Bidding/ Sealed Quotations procedures. The estimated amount of the works /goods are Rs. As mentioned below.
2. A complete set of Bidding Documents may be purchased by eligible bidder , upon payment of a non-refunadable Bid Document fee till bid submission time. Information to deposite the cost of bidding document in bank.
   **Name of the bank:** RBB Humla
   **Name of office:** Simkot Rural municipaliy
   **Rajaswa (revenue) shirshak no. :** 4190100301010003( Rajaswa)
3. Pre-bid meeting shall be held on 2082.10.29 ( only for works)
4. Bidders may obtain further information from the PPMO web portal www.bolpatra.gov.np.

**Details of Work**

| S. N. | Contract Id No. | Description of procuremnet | Location of site | Estimated Amount With VAT &PS | Bid Security Amount NRs. | Bid Document cost | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | SRM/NCB/W/ 02/2082-83 | Construction of Gyagru Sichai Tatha Changla School Land Slide control Works | SIMKOT RM 1,2 | 1,06,01,012.12 | 2,35,000.00 | 3,000.00 | |
| 2 | SRM/NCB/W/ 03/2082-83 | Construction of Langdu Gymba Gaun Sadak Starunnati Tatha Slope Stabilizata-tion Nirman | SIMKOT RM 3 | 68,37,668.18 | 1,52,000.00 | 3,000.00 | |
| 3 | SRM/NCB/W/ 04/2082-83 | Construction of Ghumchhe Odhar Dekhe Dosha Sadak Tatha Slope Stabilizatation | SIMKOT RM 7 | 1,04,97,864.27 | 2,33,000.00 | 3,000.00 | |
| 4 | SRM/SQ/G/ 05/2082-83 | Procurement of Construction Materials & Transportation up to Site location (Syamneya Basti Sanrakshan Tatha Tadbandhan Tatha Sichai Pokhari Nirman) | SIMKOT RM 4 | 14,47,075.32 | 33,000.00 | 1,000.00 | |
| 5 | SRM/SQ/G/ 06/2082-83 | Procurement of Construction Materials & Transportation up to Site location (Olkhola Tadbandhan Tatha Dal Nirman) | SIMKOT RM 5 | 11,49,138.57 | 26,000.00 | 1,000.00 | |

*Chief Administrative Officer*

## Mai Municipality
## Office of The Municipal Executive
Sitali, Ilam
Koshi Province, Nepal

### Invitation Of Bids For The Following Works & Goods

(First Date of Publication: 2082/10/11)

Mai Municipality invites Electronic Bids for the Procurement of Following Works & Goods under National Competitive Bidding (NCB) Procedure. Bid document may be downloaded from PPMO website www.bolpatra.gov.np/egp. Bidders may obtain further information at the office of **Mai Municipality, Office of Municipal Executive, Sitali, Ilam ( maimun.gov.np ),** may email on the email address (**mainagarpalika@gmail.com**), or may call on **(9849079791 / 9852639111)** at office time.

| S. N | Contract ID | Description of Works | Estimated Amount (Including V.A.T & P.S.) | Bid Document Fee | Bid Security Fee | Last Date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | MM/NCB/ WORKS / 02/082/83 | Construction of Dahaltar-Hankhim-Suryodaya Na. Pa. 14 Road and Kali Khola Culvert in Mai Municipality 05 | 1,21,87,284.34 | 3,000.00 | 2,70,000.00 (90+30 Days) | 2082/11/12 12:00 (Noon) | 2082/11/12 13:00 PM |
| 2 | MM/NCB/ GOODS / 01/082/83 | Supply of Medicine Items (Unit Rate Agreements) ` | - | 3,000.00 | 2,05,000.00 (90+30 Days) | 2082/11/12 12:00 (Noon) | 2082/11/12 13:00 PM |

**Chief Administrative Officer**

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०८२/१०/११

यस कम्पनीको मिति २०८२।०९।०८ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार साविक कम्पनी **सुबर्ण एकेडेमी प्रा.लि. (दर्ता नं. ७२९९०)** को नाममा रहेको सम्पुर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२।१०।०७ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **ज्ञान बिन्दु एकेडेमी पर्सा प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

### लण्ड्री ब्याग प्रा.लि.
### विशेष साधारणसभाको सूचना

मितिः २०८२/१०/११

**यस लण्ड्री ब्याग प्रा.लि.को कम्पनी ऐन तथा नियमावली बमोजिम गर्न सकिने कम्पनीको विशेष साधारणसभा आगामी मिति २०८२/१०/१८ गते बिहान ११:०० बजे निम्न बमोजिमको छलफलका विषयमा निर्णय गर्नुपर्ने भएकोले यस प्रा.लि.को रजिष्टर्ड कार्यालयमा हुने विशेष साधारणसभाको बैठकमा उपस्थित हुन लिखित तथा मौखिक सूचना जारी गरिसकेकोमा यदि उक्त सूचना प्राप्त नगर्नु भएको भए यसै सूचनालाई आधिकारिक सूचना मानि विशेष साधारणसभामा उपस्थित हुन सम्बन्धित सरोकारवाला शेयरधनीलाई यो सूचना जारी गरिएको छ ।**

**छलफलका विषयहरुः**
१) सञ्चालक समिति पुनर्गठन गर्ने विशेष प्रस्ताव सम्बन्धमा ।
२) विविध ।

हनि अग्रवाल
अध्यक्ष

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२/१०/११**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८२/०९/१३ मा स्वीकृती प्राप्त भई साविक कम्पनी **सुर्यदेव बिल्डर्स एण्ड सप्लायर्स प्रा. लि.** (प्रा.लि.नं.२५१०३५)को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **सुर्यदेव इन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा. लि.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२/१०/११**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८२/०९/२८ मा स्वीकृती प्राप्त भई साविक कम्पनी पीएच एस्थेटिका नेपाल प्रा. लि. (प्रा.लि.नं.३७६७३२)को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **धनगढी डर्मा हाउस प्रा. लि**. ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२/१०/११**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८२/०९/३० मा स्वीकृती प्राप्त भई साविक कम्पनी **एपबक्स टेक प्रा. लि**. (प्रा.लि.नं.२८४४४६)को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **भिल एप प्रा. लि**. ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**Ashok Leyland Vehicle Price List** (MRP) (Effective from 22th Dec, 2025)

| Particular | N2825T HR N4 Engine Brake BS VI | N2825T SR N4 Engine Brake BS VI | G45 2820 H 6x4 Cowl Chassis BS VI |
|---|---|---|---|
| MRP Round off | 10,740,000.00 | 9,850,000.00 | 5,980,000.00 |

IME MOTORS
**Corporate Office:**
Kathmandu, KMC -16, Balaju Industrial Area, Balaju
Tel: +977-1-4955920/4955921

ASHOK LEYLAND